पोखरा विश्वविद्यालय

# छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५

कलेज (महाविद्यालय)/शिक्षण संस्थाको सम्बन्धनसम्बन्धी नियमावली, २०५६ को नियम १२ को (३) अनुसार सम्बन्धन प्राप्त कलेजबाट प्राप्त निशुल्क छात्रवृत्ति र आङ्गिक स्कूल/कलेजहरूले दिंदै आएको छात्रवृत्तिलाई व्यवस्थित र सँस्थागत गर्न आवश्यक भएकोले पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा ९ (ड) र दफा ४१ ले दिएको अधिकार प्रयोग गरी पोखरा विश्वविद्यालय सभाले देहायको नियमहरू बनाएको छ ।

सभाले पारित गरेको मिति २०६५।९।२६ गते
पहिलो संशोधन २०६९।६।१ गते
दोस्रो संशोधन २०७०।५।२८ गते
तेस्रो संशोधन २०७३।०४।२७ गते
चौथो संशोधन २०७४।०४।३२ गते
पाँचौं संशोधन २०७६।०३।१७ गते
छैटौं संशोधन २०७८।०३।२८ गते
सातौं संशोधन २०८०।०३।२१ गते
आठौं संशोधन २०८२।०३।२५ गते

**१. सँक्षिप्त नाम र प्रारम्भः**

(१) यस नियमको नाम पोखरा विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियम, २०६५ रहेको छ ।

(२) यो नियम पोखरा विश्वविद्यालय सभाबाट पारित भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः**

(१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममाः

(क) **"विश्वविद्यालय"** भन्नाले पोखरा विश्वविद्यालयलाई सम्झनुपर्छ ।

(ख) **"समिति"** भन्नाले नियम ६ अनुसार गठन छात्रवृत्ति छनौट समितिलाई सम्झनुपर्दछ ।

(ग) **"छात्रवृत्ति"** भन्नाले नियम ४ बमोजिमको विद्यार्थीहरूलाई दिने छात्रवृत्तिलाई सम्झनुपर्दछ ।

♣♣(घ) **"सार्वजनिक विद्यालय"** भन्नाले नेपाल सरकारको अनुदानमा वा समुदायको आर्थिक सहयोगमा सञ्चालन भएका विद्यालयलाई बुझ्नुपर्दछ । यसले समुदायलाई हस्तान्तरण गरेको सरकारी विद्यालयलाई समेत जनाउनेछ । तर संस्थागत विद्यालय भन्नाले निजि क्षेत्रको लगानी र सहभागितामा सञ्चालन भएका विद्यालयलाई बुझ्नुपर्दछ । नोटः यस नियमावलीमा विभिन्न ठाउँहरुमा सरकारी र संस्थागत विद्यालयलाई जेसुकै उल्लेख गरेको भएतापनि सरकारी विद्यालयलाई सार्वजनिक विद्यालय र निजी क्षेत्रको लगानीमा सञ्चालित (बोर्डिङ) स्कूललाई संस्थागत विद्यालय सरह भएको मानिनेछ र सोहीबमोजिम नियममा व्यवस्था गरिनेछ ।

♣♣(ङ) **"शैक्षिक संस्था"** भन्नाले विश्वविद्यालयका आङ्गिक/संयुक्त आङ्गिक कलेजहरु/स्कूलहरू र सम्बन्धन प्राप्त कलेजहरूलाई संझनुपर्दछ ।

(च) **"कार्यक्रम"** भन्नाले विश्वविद्यालयबाट सम्बन्धन लिई शैक्षिक उपाधि दिने प्रयोजनको लागि शैक्षिक संस्थाहरूले सञ्चालन गरेको सम्बन्धित विषयको कार्यक्रमलाई सम्झनुपर्दछ ।

(छ) **"जनआन्दोलन घाइते पिडित"** भन्नाले जनआन्दोलन २०४६, जनआन्दोलन २०६२/६३ र जनयुद्ध एवम द्वन्दबाट पीडित भई घाइते भई स्थायी रूपमा अपाङ्ग भएकाहरू र तिनका छोराछोरीलाई सम्झनुपर्दछ ।

---

**♣♣ छैटौं संशोधनद्वारा संशोधित**

(ज) **"शिक्षक र कर्मचारी"** भन्नाले विश्वविद्यालयको आङ्गिक शैक्षिक संस्था र यसका विभिन्न निकायमा कार्यरत स्थायी कर्मचारी तथा शिक्षकहरूलाई सम्झनु पर्नेछ ।

**३. उद्देश्यः**

यो नियमको उद्देश्य शैक्षिक संस्थाहरूबाट प्राप्त छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नु हुनेछ ।

४. **छात्रवृत्तिको प्रकारः**

(१) पोखरा विश्वविद्यालयले निम्न प्रकारका छात्रवृत्ति उपलब्ध गराउनेछः

(क) जेहन्दार छात्रवृत्ति,

(ख) खुला छात्रवृत्ति,

⊕(ग) स्थानिय छात्रवृत्ति,

(घ) दलित छात्रवृत्ति,

(ङ.) जनजाति छात्रवृत्ति,

(च) दुर्गम छात्रवृत्ति,

(छ) अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडित छात्रवृत्ति,

(ज) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति ।

♥(झ) मधेशी समुदाय छात्रवृत्ति

≡(२) उपनियम (१) को खण्ड (क), (ग) र (ज) अनुसारको छात्रवृत्ति बाहेक विश्वविद्यालयलाई प्राप्त हुने छात्रवृत्ति मध्ये सार्वजनिक शैक्षिक संस्थाहरूबाट एसईई वा एसएलसी उत्तीर्ण गरेकाहरूका लागि मात्र ६० प्रतिशत खुल्ला र ४० प्रतिशत समावेशी छात्रवृत्ति कायम गरी सो छात्रवृत्ति दलित, जनजाति, दुर्गम, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते तथा पीडित र मधेशी समुदाय व्यक्तिहरूका लागि विषयगत रूपमा सुरक्षित गरिनेछ । साथै माथि उल्लेखित ४० प्रतिशत समावेशी छात्रवृत्तिलाई शतप्रतिशत कायम गरी देहायको प्रतिशतको आधारमा वितरण गरिनेछः

(क) दलितलाई २० प्रतिशत,

(ख) जनजातिलाई २० प्रतिशत,

(ग) दुर्गम क्षेत्रकालाई २० प्रतिशत,

(घ) अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडितलाई २० प्रतिशत

(ङ) मधेशी समुदायलाई २० प्रतिशत

(३) विषयगत रूपमा छात्रवृत्तिको संख्या कम भयो र त्यसलाई उपनियमको (२) अनुसार वितरण गर्न नसक्ने भएमा छात्रवृत्तिको प्राथमिकता क्रम देहाय वमोजिम हुनेछः

(क) अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडित,

(ख) दुर्गम क्षेत्रलाई

(ग) दलितलाई,

(घ) जनजातिलाई

(ङ) मधेशी समुदाय छात्रवृत्तिलाइ

≡(४) उपनियम (१) को खण्ड (क), (ग) र (ज) बमोजिमका छात्रवृत्ति बाहेक सवै प्रकारका छात्रवृत्तिमा महिलाहरूलाई ५० प्रतिशत छात्रवृत्ति सुरक्षित राखिनेछ । योग्य महिलाहरूको संख्या ५० प्रतिशत भन्दा कम भएमा सोही छात्रवृत्ति

---

**♥दोस्रो संशोधनद्वारा संशोधित, ⊕ चौथो संशोधनद्वारा संशोधित, ≡ पाँचौं संशोधनद्वारा संशोधित**

समूहको पुरूषले पाउनेछ । विषयगत छात्रवृत्तिमा महिला र पुरूष गरी वितरण गर्न नसक्ने अवस्था आएमा वा विषयगत छात्रवृत्तिको कोटा एक मात्र रही खुल्ला र आरक्षित समूह गरी वितरण गर्न नसक्ने अवस्था आएमा उच्चतम अङ्क ल्याउने लाई छात्रवृत्ति दिइनेछ ।

♣♣(५) उपनियम (१) को खण्ड (ग) अनुसारको स्थानीय छात्रवृत्ति विश्वविद्यालयको आंगिक/संयुक्त आंगिक स्कूल/कलेज सञ्चालन भएका गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने नागरिकलाई मात्र दिइनेछ । यो छात्रवृत्ति अन्तर्गत विश्वविद्यालयको आंगिक/संयुक्त आंगिक स्कूल/ कलेज संचालन भएको स्थानीय तहभित्र सञ्चालित हुने सबै कार्यक्रमहरूमा एक एक सिट छुट्टयाइनेछ । तर छात्रवृत्ति कोटा एकवटा मात्र भएमा त्यस कोटालाई खुल्ला छात्रवृत्तिको लागि छुट्टयाइनेछ । छात्रवृत्ति कोटा दुईवटा मात्र भएमा एकवटा खुल्ला तर्फ र अर्को एकवटा नियम ४ को (ग) बमोजिमको छात्रवृत्तिको लागि छुट्टयाइनेछ । छात्रवृत्ति कोटा तीन वटा मात्र भएमा उपनियम (१) को (ख), (ग) र (ज) अनुसार वितरण र चार वा सोभन्दा बढी भएमा उप नियम ३ ले गरेको व्यवस्था अनुसार कोटा छुट्टयाइनेछ ।

± (६) छात्रवृत्ति पाउने व्यक्तिले शैक्षिक संस्थामा अध्ययन गर्दा कार्यक्रमको नियमित अवधि (Normal Duration) भित्र लाग्ने सम्पूर्ण शुल्क छुट पाउनेछ । यसको अतिरिक्त विश्वविद्यालयले उपलब्ध गराउने भनी तोकी निर्णय भएका अन्य सुविधा समेत छात्रवृत्ति पाउने व्यक्तिले पाउनेछ । तर अध्ययन अवधिभर खाने बस्ने, यातायात खर्च तथा अन्य फुटकर खर्च र कार्यक्रमको नियमित अवधि (Normal Duration) समाप्त भैसकेपछि लाग्ने परीक्षा शुल्क लगायत अन्य शुल्कहरु विद्यार्थी स्वयम्ले व्यहोर्नु पर्नेछ ।

♠उपनियम १ को खण्ड (क) बमोजिमको जेहन्दार छात्रवृत्ति पाउनेलाई समेत खुला तथा आरक्षित समूहले पाए सरह सबै किसिमका शुल्क छुट हुनेछ ।

♣♣ (६क) उपनियम ६ मा जे उल्लेख भएता पनि छात्रबृत्तिमा अध्ययन गर्ने विद्यार्थीले सम्बन्धित विषयका पाठ्यक्रममा तोकिए अनुसार प्रयोगात्मक अभ्यास तथा स्थलगत निरीक्षणका लागि लाग्ने यातायात खर्च बाहेक अन्य खर्चहरु विद्यार्थीहरु स्वयंले व्यहोर्नुपर्ने छ । साथै अध्ययन पूरा भए पश्चात फिर्ता हुनेगरी कलेज भर्ना हुदाँका अवस्थामा व्यवस्थापन र मानविकी संकायमा अध्ययन गर्ने विद्यार्थीले रु.५,०००। (पाँच हजार) र विज्ञान तथा प्रविधि र स्वास्थ्य विज्ञान संकायमा अध्ययन गर्ने विद्यार्थीले रु.१०,०००। (दश हजार) धरौटी वापत शुल्क बुझाउनु पर्नेछ ।

≡(७) कुनै विषयमा छात्रवृत्तिको कोटा एक मात्र भयो भने कोटा संख्या कम भएकै कारणले खुला र आरक्षित संख्यामा विभाजन गर्न नसक्ने अवस्था आएमा छात्रवृत्ति दिंदा खुलातर्फको उच्चतम अंक ल्याउने उम्मेदवारलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । उच्चतम अङ्क ल्याउने उम्मेदवारलाई छात्रवृत्ति पाउनबाट बञ्चित गरिनेछैन ।

(८) उपनियम (३) को खण्ड (क) अनुसारको छात्रवृत्ति अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडित वीच समान अनुपातमा वितरण गरिनेछ । तर आरक्षण छात्रवृत्ति विषयगत संख्यामा कम भएर अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडित वीचमा वितरण गर्न नसकिएमा क्रमशः अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडितलाई दिइनेछ ।

(९) आङ्गिक शैक्षिक संस्थाका प्रत्येक कार्यक्रमका एकजना व्यक्तिलाई सम्बन्धित निकाय प्रमुखले, प्रथम सेमेष्टरमा प्रवेश परीक्षाको Merit को आधारमा र अन्य सेमेष्टरको हकमा अघिल्लो सेमेष्टरको परीक्षाको नतिजाको आधारमा नियम ४को उपनियम (१)को खण्ड (क) अनुसारको जेहन्दार छात्रवृत्ति प्रदान गर्नेछ । समान अंक ल्याउने विद्यार्थी एक भन्दा बढी भएमा दामासाहीले यो छात्रवृत्ति प्रदान गरिनेछ । तर नियम ४ को उपनियम (१) अनुसारको कुनै पनि छात्रवृत्ति पाइसकेका विद्यार्थीले जेहन्दार छात्रवृत्ति पाउने भएमा यो छात्रवृत्ति कसैलाई पनि प्रदान गरिने छैन ।

♣♣(१०) उपनियम (१) को खण्ड (ज) अनुसारको छात्रवृत्ति विश्वविद्यालयको आङ्गिक/संयुक्त आंगिक/सम्बन्धन प्राप्त स्कूल/कलेजहरूमा सञ्चालित कार्यक्रमहरूमा विश्वविद्यालयको स्थायी सेवामा कार्यरत शिक्षक कर्मचारीको २

---

**♠ दोस्रो संशोधनद्वारा थप, ≡ पाँचौं संशोधनद्वारा संशोधित, ♣♣ छैटौं संशोधनद्वारा संशोधित, ± सातौं संशोधनद्वारा संशोधित**

जनासम्म छोराछोरीलाई विश्वविद्यालयले छात्रवृत्ति उपलब्ध गराउनेछ । यस अनुसारको छात्रवृत्ति निम्न प्रक्रिया पुरा गरेर प्रदान गरिनेछः

♣♣ (क) विश्वविद्यालयको आङ्गिक/संयुक्त आंगिक/सम्बन्धन प्राप्त स्कूल/कलेजहरूमा सञ्चालित प्रत्येक स्कूल/कलेजको प्रत्येक कार्यक्रममा एक सिट शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छुट्याइनेछ ।

©©©(ख) ............खारेज

♣♣ (ग) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि नियम ८ अनुसारको छात्रवृत्ति छनौट प्रवेश परीक्षा उत्तीर्ण गरेका योग्यताक्रम अनुसार विश्वविद्यालयको स्थायी सेवामा कार्यरत शिक्षक कर्मचारीहरूका छोराछोरीहरूमध्येबाट हरेक कार्यक्रमको लागि शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिको लागि छानिनेछ । विश्वविद्यालय सेवामा कार्यरत कुनै पनि शिक्षक कर्मचारीले सेवा अवधिभरमा यस प्रकारको छात्रबृत्तिको सुविधा उपभोग गर्न नपाएका सेवाबाट निवृत्त भएका (२० वर्ष सेवा गरी स्वैच्छिक अवकास लिएका वा अनिवार्य अवकाश पाएका वा सेवामा वहाल छदै वेपत्ता भएका वा मृत्यू भएका) शिक्षक कर्मचारीका सन्ततिलाई सेवा निवृत्त भएको मितिले ७ (सात) वर्षसम्म यस नियमावलीले गरेको व्यवस्था बमोजिमको छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(घ) यो छात्रवृत्ति शिक्षक कर्मचारीहरूका छोराछोरी वाहेक अन्य नाताले पाउने छैन । तर यो नियम लागु हुनु भन्दा अगाडि छात्रवृत्तिमा पढिराखेकालाई भने यो नियमले प्रतिकुल असर पार्ने छैन ।

५. **कोटा हस्तान्तरण हुन सक्ने :**

(१) कोटाको हस्तान्तरण देहाय बमोजिम हुनेछः

(क) यदि अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पीडितको कोटा रिक्त हुन आएमा दुर्गम क्षेत्र कोटामा हस्तान्तरण हुनेछ,

(ख) यदि दुर्गम क्षेत्रको कोटा रिक्त हुन आएमा दलित कोटामा हस्तान्तरण हुनेछ,

(ग) यदि दलित कोटा रिक्त हुन आएमा जनजाति कोटामा हस्तान्तरण हुनेछ,

(घ) यदि जनजाति कोटा रिक्त हुन आएमा मधेशी समुदाय कोटामा हस्तान्तरण हुनेछ ।

(ङ) यदि मधेशी समुदाय कोटा रिक्त हुन आएमा खुला कोटामा हस्तान्तरण हुनेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि कोटा गणना गर्दा हस्तान्तरित कोटालाई समेत समावेश गरिनेछ ।

६. **छात्रवृत्ति छनौट समिति :**

(१) यस नियमावली अनुसार खुला प्रतियोगिताद्वारा छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि देहायबमोजिमको छात्रवृत्ति छनौट समिति रजिष्ट्रारले गठन गर्नेछः

(क) डीनहरू,

© ख)..........

(ग) सम्बन्धन प्राप्त क्याम्पसको प्रतिनिधि एक जना,

(घ) परीक्षा नियन्त्रक,

(ङ.) विश्वविद्यालयको छात्रवृत्ति शाखाको प्रमुख सदस्य-सचिव रहने छ ।

● (१क) कुनै संकायको डीन नभएको अवस्थामा सम्बन्धित संकायको स्कूल निर्देशक, स्कूल निर्देशक पनि नभएको

---

**©तेस्रो संशोधनद्वारा हटाइएको, ● तेस्रो संशोधनद्वारा थप, ©©© छैटौं संशोधनद्वारा खारेज, ♣♣ छैटौं संशोधनद्वारा संशोधित**

अवस्थामा उक्त स्कूलका विभिन्न कार्यक्रमका कार्यक्रम संयोजकहरु मध्येबाट वरिष्ठतम कार्यक्रम संयोजक एक जना छात्रवृत्ति छनौट समितिमा रहने छ ।

(२) डीनहरुमध्ये एक जना संयोजक हुनेछ ।

(३) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा बोलाउन सक्नेछ र बोलाएको विशेषज्ञले अन्य सदस्यहरूले सरह बैठक भत्ता पाउनेछ ।

(४) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले तोकेबमोजिम हुनेछ ।

♣♣(५) विश्वविद्यालयको आंगिक/संयुक्त आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/कलेजहरुमा सञ्चालनमा रहेका स्नातकोत्तर र एमफिल तहका कार्यक्रमहरुमा छात्रबृत्तिमा अध्ययन गर्ने विद्यार्थी छनौटका लागि विश्वविद्यालयका रजिष्ट्रारबाट सम्बन्धित संकायका डीनको संयोजकत्वमा एक जना शिक्षक र एक जना कर्मचारी रहेको ३ सदस्यीय छात्रवृत्ति छनौट समिति गठन हुनेछ । डीन नभएको अवस्थामा रजिष्ट्रारले तोकेको कुनै एक संकायका डीन संयोजक हुनेछ । छनौट समितिको काम, कर्तव्य र अधिकार यसै नियमावलीको नियम ७ बमोजिम हुनेछ ।

**प्रष्टिकरण :**

जुन सुकै तहका छात्रबृत्ति छनौट समितिमा रहेका सदस्यहरुको छोरा(छोरी, दाजु-भाई तथा दिदी-बहिनी तथा एकाघरका अन्य सदस्यहरु छात्रवृत्तिको उम्मेदवार भएमा समितिको त्यस्तो सदस्य सम्बन्धित विषयको छात्रवृत्ति छनौट प्रक्रियामा संलग्न हुनसक्ने छैन ।

**७. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने र मुख्य बिषय तोक्ने,

(ख) नियम ४ अनुसारको छात्रवृत्ति संख्या निर्धारण गर्ने,

♦(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क निर्धारण गर्न विश्वविद्यालय समक्ष सिफारिस गर्ने,

(घ) छात्रवृत्तिसम्बन्धी सूचना सम्बन्धित छात्रवृत्तिको किसिम हेरी स्थानीय, क्षेत्रिय र राष्ट्रिय स्तरकामध्ये उपयुक्त सञ्चारको माध्यमबाट उम्मेदवारहरूलाई सार्वजनिक रूपमा सूचित गर्ने,

(ङ.) छात्रवृत्तिको दरखास्त वितरण तथा सङ्कलन गर्न लगाउने,

(च) परीक्षा सम्बन्धी आचारसंहिता बनाई लागू गर्ने,

(छ) उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताको समय सापेक्ष संशोधन गर्ने,

≡(ज) यो नियमावली अनुसार उम्मेदवार छान्नको लागि छात्रवृत्ति छनौट परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने ।

(झ) प्रधान परीक्षक, परीक्षक तथा प्रश्नपत्र निर्माण गर्न विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने,

(ञ) परीक्षा सम्बन्धी आचारसंहिता उल्लङ्घन गर्नेलाई आवश्यक कारवाही गर्ने,

♦(ट) छनौट भएका उम्मेदवारहरूको योग्यताक्रम प्रकाशित गर्ने,

(ठ) परीक्षाफल प्रकाशन भएको दुई वर्ष पछि मुचुल्का उठाई उत्तरपुस्तिका धुल्याउने,

(ड) आवश्यक परेमा विभिन्न उपसमिति गठन गरी आवश्यक कार्य छिटो तथा मर्यादित ढङ्गले सम्पन्न गर्ने र गराउने,

(ढ) छात्रवृत्तिसम्बन्धी काम सम्पन्न गर्नको लागि आवश्यक अन्य काम सम्पन्न गर्ने ।

---

**♦तेस्रो संशोधनद्वारा संशोधित, ≡ पाँचौं संशोधनद्वारा संशोधित, ♣♣ छैटौं संशोधनद्वारा संशोधित**

(ण) छात्रवृत्तिसम्बन्धी तोकिदिएको काम गर्ने ।

≠ (त) यस नियमावलीको नियम १० ले गरेको व्यवस्था बमोजिम छात्रवृत्तिका लागि आवेदन गर्ने सार्वजनिक र निजी तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी गरेका दुवै थरी विद्यार्थीहरूलाई एकै समयमा एउटै प्रश्नपत्रबाट परीक्षा लिनेछ ।

●(१क) छात्रवृत्ति छनौंट समितिले नयाँ भर्नाको शैक्षिक पात्रो (Academic Calender) आवश्यक परेमा अस्थायी (Provisional) छात्रवृत्ति परीक्षा संचालन गर्नेछ ।

(२) छात्रवृत्ति छनौट समितिले उत्तरपुस्तिका परीक्षण गर्दा कायम गर्नु पर्ने गोपनीयताको प्रयोजनको लागि दुई पटक संकेत नम्बर राख्नुपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) छात्रवृत्ति छनौट परीक्षासम्बन्धी कार्य गर्दा र गराउदा विशेषज्ञ तथा परीक्षामा संलग्न कर्मचारी र शिक्षकहरूलाई दिइने पारिश्रमिक परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गर्ने परीक्षाका लागि तोकेबमोजिम हुनेछ ।

©(४) ..........

८. **उम्मेदवारको छनौट खुला प्रतियोगिताबाट गर्नुपर्ने :**

(१) नियम ४ अनुसारका छात्रवृत्तिको लागि उम्मेदवार खुला प्रतियोगिताबाट छनौट गरिनेछ ।

(२) खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्दा १५० पूर्णाङ्क राखी बस्तुगत लिखित परीक्षा लिइने छ ।

(३) नियम ४ को उपनियम (१) को खण्ड (ग), (घ), (ड.), (च), (छ), (ज) र (झ) को लागि दरखास्त दिने उम्मेदवारहरूलाई पनि खण्ड (ख) को योग्यताक्रममा समावेश गरिनेछ । तर खण्ड (ज) को लागि आवेदन दिएका निजी विद्यालयबाट एसएलसी उत्तीर्ण गरेकालाई भने खण्ड (ख) को योग्यताक्रममा समावेश गरिने छैन ।

९. **सार्वजनिकरूपमा सूचना गर्नुपर्ने :**

♣♣(१) नियम ७ को उपनियम (१) को खण्ड (ज) अनुसार छात्रवृत्ति समितिले छात्रवृत्तिको लागि लिइने परीक्षामा उम्मेदवार हुनको लागि परीक्षा हुनु भन्दा कम्तिमा पनि १५ दिन अगाडि राष्ट्रिय स्तरको दैनिक पत्रिका र विश्वविद्यालयको वेवसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची (१) बमोजिमको ढाँचामा अनलाइन माध्यममार्फत दरखास्त आव्हान गर्नुपर्नेछ । प्रवेश परीक्षामा सहभागी हुन चाहने उम्मेदवारले सूचनामा उल्लेख भएबमोजिम आफूले आवेदन गर्न चाहेको छुट्टाछुट्टै संकाय र समूहको दरखास्त फाराम भर्दा छुट्टाछुट्टै बैङ्क भौचर समेत अपलोड गर्न आव्हन गर्नुपर्नेछ ।

(२) उपनियम (१) अनुसार सार्वजनिक सूचना प्रकाशन गर्दा देहायबमोजिमका कुराहरू खुलाउनु पर्नेछ :

(क) छात्रवृत्ति परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता,

(ख) नियम ४ को उपनियम (१)को खण्ड (ग), (घ), (ड.), (च), (छ) र (झ) समूहको लागि सुरक्षित गरिएका छात्रवृत्तिको प्रतिशत,

(ग) खण्ड (ख) बमोजिम सुरक्षित गरिएका छात्रवृत्तिको लागि दरखास्त साथ पेश गर्नु पर्ने सिफारिस तथा अन्य कागजातहरूको विवरण,

(घ) दरखास्त दिने स्थान र ढाँचा,

(ड.) परीक्षा दस्तुर,

(च) परीक्षासम्बन्धी अन्य आवश्यक कुराहरू ।

---

**● तेस्रो संशोधनद्वारा थप, © तेस्रो संशोधनद्वारा खारेज, ≠ पाँचौं संशोधनद्वारा थप, ♣♣ छैटौं संशोधनद्वारा संशोधित,**

**१०.उम्मेदवार हुनको लागि आवश्यक न्यूननतम योग्यता :**

छात्रवृत्तिको दरखास्तको लागि देहायबमोजिम योग्यता र सर्तहरू पुरा भएको हुनुपर्ने छः

⊕(क) स्नातक तहका विभिन्न कार्यक्रमहरूको लागि School Leaving Certificate (Grade-12) वा सो सरहको तहमा सम्बन्धित विषय लिई कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ । स्नातकोत्तर कार्यक्रमको लागि स्नातक तहमा CGPA 2.00/4.00 वा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ र एमफिलका लागि CGPA 3.00/4.00 वा ५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ । तर मानविकी तथा सामाजिकशास्त्र संकाय र व्यवस्थापन संकाय अन्तर्गत आवेदन दिनेका हकमा भने सम्बन्धित कार्यक्रममा भर्ना हुनका लागि विश्वविद्यालयले तोकेको न्यूनतम अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

♣♣(ख) स्नातक/स्नातकोत्तर/एमफिल तहका छात्रवृत्तिको लागि एसइइ वा एसएलसी सार्वजनिक विद्यालयबाट कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी उत्तीर्ण गरेको हुनुपर्नेछ । तर नियम४ को उपनियम (१) को खण्ड (क) र (ज) अनुसारको छात्रवृत्तिको लागि यो खण्ड लागू हुनेछैन । साथै यस नियमावलीको नियम ४ बमोजिम उपलब्ध हुने छात्रवृति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तीर्ण गरेको हुनुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा सार्वजनिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी (दश कक्षा) उत्तीर्ण गरेका विद्यार्थीहरूलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध हुने व्यहोराको जानकारी देहायमा उल्लेख भएबमोजिम हुनेगरी सम्बन्धित सबैलाई सुसूचित गराउनु पर्नेछ ।

♣♣(१) विश्वविद्यालयले छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशित गर्दा नै सार्वजनिक विद्यालयबाट कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूलाई साविकको छात्रवृत्ति नियमावली अनुसार छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा सिट रिक्त रहेमा मात्र सार्वजनिक विद्यालय र संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

♣♣(२) सार्वजनिक विद्यालयबाट कक्षा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका र सार्वजनिक तथा संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि छुट्टाछुट्टै मेरिट लिष्ट प्रकाशित गरिने छ ।

(३) ………………… ⊄
(यहाँबाट हटाई १३.(३क) मा व्यवस्थित गरिएको)

(४) उपरोक्त (ग) बमोजिम संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुल्ला छात्रवृत्ति सरह उनीहरूको मेरिट लिष्टका आधारमा छात्रवृत्ति वितरण गरिनेछ ।

(५) संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका विद्यार्थीहरूका लागि निजले अध्ययन गरेको विद्यालय संस्थागत विद्यालय हो भनी प्रमाणित गरिएका कागजातहरू आवश्यक पर्नेछैन ।

(ग) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

♣♣(घ) नियम ४ को खण्ड (च) समूहको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि तोकेको जिल्ला/क्षेत्र मा स्थायी बसोबास गरी सोही जिल्ला /क्षेत्रको सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

♣♣(ङ) छात्रवृत्तिको लागि तोकिएको योग्यताको न्यूनतम तह विश्वविद्यालयबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको Completion date बाट

---

**⊕ चौथो संशोधनद्वारा संशोधित, ♣♣ छैटौं संशोधनद्वारा संशोधित, ⊄ आठौं संशोधनद्वारा खारेज**

छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा Completion date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै Completion date (Year-Month-Date) खुलाएको प्रमाणित कपी सम्बन्धित उम्मेदवारले अनिवार्य दरखास्तसाथ पेश गर्नुपर्नेछ । तर एमफिल तहका लागि भने यो नियम लागू हुने छैन ।

(च) विश्वविद्यालयका कार्यक्रममा भर्ना हुनको लागि विश्वविद्यालयले तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेको हुनुपर्ने ।

Σ (छ) नियम ४ को उपनियम (१) को खण्ड (घ) समूहको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानीय तहबाट र खण्ड (ङ) समूहको छात्रवृत्तिको लागि नेपाल सरकारको निर्णयानुसार आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानीय तहबाट सिफारिस भए अनुसारको जनजाति हुनुपर्ने छ ।

© (ज) .........

## ११. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

(१) सवै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिंदा दरखास्तका साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ :

♣♣(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रामाणपत्र तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुईको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्नातकोत्तर र एमफिल कार्यक्रमको लागि आवेदन दिनेहरूले खण्ड (क), (ख), र (ग) अतिरिक्त स्नातक र स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, सर्टिफिकट, प्रोभिजनल सर्टिफिकटको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

♣♣ (१क) जुन तहको छात्रबृत्तिका लागि आवेदन गर्ने हो सोभन्दा अघिल्लो तहको अन्तिम वर्ष, सेमेष्टर, ट्राइमेष्टरको परीक्षाफल प्रकाशित नभएको वा भएता पनि ट्रान्सक्रिप्ट/चारित्रिक प्रमाणपत्र वा अन्य कागजात पेश गर्न नसक्ने अवस्था भएमा देहायमा उल्लेख भएका कागजातका आधारमा पनि अस्थायी (Provisional) रुपमा आवेदन दिन सकिनेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) उम्मेदवारले आवेदन गरेको तहको भन्दा अघिल्लो तहको अन्तिम दोस्रो (Second Last) वर्ष/सेमेष्टर/ट्रइमेष्टरसम्म उत्तिर्ण भएको लब्धांकपत्र

(ग) छनौट समितिले सूचनामा उल्लेख गरेबमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कागजात अतिरिक्त उम्मेदवारले देहायबमोजिमको सिफारिस पेश गर्नु पर्नेछ :

♣♣(क) नियम ४ को उपनियम (१) को खण्ड (ग) अनुसारको छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले विश्वविद्यालयको आंगिक तथा संयुक्त आंगिक स्कूल/कलेज रहेको स्थानिय तहबाट,

---

**© तेस्रो संशोधनद्वारा खारेज, ♣♣ छैटौं संशोधनद्वारा संशोधित, Σ आठौं संशोधनद्वारा संशोधित**

Σ (ख) नियम ४ को उपनियम (१) को खण्ड (घ) अनुसारको छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस,

Σ (ग) नियम ४ को उपनियम (१) को खण्ड (ङ) अनुसारको छात्रवृत्तिको लागि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस,

Σ (घ) नियम ४ को उपनियम (१) को खण्ड (च) अनुसारको छात्रवृत्तिको लागि स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस,

♣♣ (ङ.) नियम ४ को उपनियम (१) को खण्ड (छ) अनुसारको छात्रवृत्तिको लागि अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहीद परिवारका छोराछोरीको हकमा समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

♣ (ङ१) नियम ४ को उपनियम (१) को खण्ड (झ) अनुसारको छात्रवृत्तिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

♣♣ (च) नियम ४को उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ङ.) (च), (छ) र (झ) बमोजिमको छात्रवृत्तिको लागि अनुसूची-२ अनुसारको ढाचाँमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक तथा सामुदायिक विद्यालयमा अध्ययन गरेको पुष्टी भएको हुनु पर्नेछ ।

♦(३) अपाङ्ग र घाईते ले चिकित्साशास्त्र वा इन्जिनियरिङ्ग विषय अध्ययन गर्न दरखास्त दिने भएमा उपनियम (२) अनुसारको सिफारिसको अतिरिक्त दर्तावाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस समेत दरखास्तसाथ पेश गर्नुपर्ने छ ।

**ψ ११क. छात्रबृत्ति रद्द गरी अशुल उपर गर्ने :**

नियम ४ मा उल्लेख भएका कुनै पनि प्रकारको छात्रबृत्तिमा अध्ययन गर्न आवेदन दिने आवेदकले नियम ११ मा उल्लेख भए बमोजिमका कागजात पेश गर्ने क्रममा झुट्टा कागजात पेश गरेको प्रमाणित हुन गएमा नियम १४ बमोजिम छात्रबृत्तिमा छनौट भई सम्बन्धित कार्यक्रम र शैक्षिक संस्थामा अध्ययन गरेको पाईएमा निजको छात्रबृत्ति स्वतः रद्द हुनेछ । यसरी रद्द भए पश्चात निज विद्यार्थीले अध्ययन गरेको कलेज तथा शैक्षिक संस्थाले सम्बन्धित तहको अध्ययन पूरा गर्नका लागि तोकेबमोजिको अध्ययन शुल्क विश्वविद्यालयमा फिर्ता गर्नु पर्नेछ । यसपछि शुल्क तिरेर अध्ययन कार्यलाई निरन्तरता दिन सक्नेछ ।

१२. **खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्ने आधार :**

यस नियमले व्यवस्था गरे अनुसार योग्यता पुगेको उम्मेदवारबाट रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरूको छात्रवृत्ति छनौट समितिले पाठ्यक्रम तोकी नियम ८ को उपनियम (२) अनुसारको छात्रवृत्ति छनौट परीक्षा लिनेछ । उक्त परीक्षामा कम्तीमा पनि ३५ प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ । उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क नै उम्मेदवार छनौट गर्ने आधार हुनेछ ।

---

**♣ पहिलो संशोधनद्वारा संशोधित, ♦तेस्रो संशोधनद्वारा संशोधित, © तेस्रो संशोधनद्वारा खारेज, ♣♣ छैटौं संशोधनद्वारा संशोधित, Σ आठौं संशोधनद्वारा संशोधित, ψ आठौं संशोधनद्वारा थप**

१३. **योग्यताक्रम प्रकाशित गर्ने :**

Σ (१) यस नियम बमोजिम सञ्चालन गरिएको परीक्षामा नियम १२ मा तोकेको अङ्क प्राप्त गरेका उम्मेदवारहरुको उत्तीर्ण सूची (Pass List) प्रकाशित गरिनेछ । उत्तीर्ण सूची प्रकाशित भएपश्चात छात्रवृत्ति छनोट समितिले सूचना जारी गरेको दुई (२) दिनभित्र (सूचनामा माग गरिए मात्र) उम्मेदवारले नियम ११ अनुसारको बुझाउन बाँकी कागजातहरु अनलाईन माध्यमबाट पेश गर्नुपर्नेछ ।

Σ (२) उपनियम (१) अनुसार उत्तीर्ण भएका उम्मेदवारहरूले परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा नियम ४ को उपनियम (१) को खण्ड (ख), (ग), (घ), (ड.), (च), (छ), (ज) र (झ) अनुसारको अन्तिम योग्यताक्रम सूची (Merit List) प्रकाशित गरिनेछ । यस पछिका प्रकृया छात्रबृत्ति समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

Ψ (२क) विश्वविद्यालयले नियम १३(२) अनुसार योग्यताक्रम प्रकाशन भएको मितिले ४ दिन भित्रमा योग्यताक्रममा भएका विद्यार्थीहरूले आवेदित कार्यक्रम अनुसार सम्बन्धित शैक्षिक संस्थाको लागि अनलाईन माध्यमबाट अनुसूची-४ फाराम भर्नुपर्नेछ ।

(३) संकायगत योग्यताक्रम सूची प्रकाशित भइसकेपछि सफल उम्मेदवारहरुले आफुले अध्ययन गर्नका लागि रोजेको शैक्षिक कार्यक्रम र शैक्षिक संस्थाको छनौट निम्नानुसार गर्नुपर्नेछ ।

(क) योग्यताक्रमको सूचीमा परेको उम्मेदवारले सम्बन्धित संकाय अन्तर्गत सञ्चालनमा रहेको कार्यक्रमहरुमा प्राथमिकताको आधारमा बढीमा तीन (३) वटा शैक्षिक कार्यक्रममा अनुसूची-४ फाराम भरी आवेदन दिन सक्नेछन् ।

(ख) प्रत्येक कार्यक्रमको लागि अनुसूची-४ फाराम भरी प्राथमिकताको आधारमा बढीमा छ (६) वटासम्म शैक्षिक संस्थाहरुमा आवेदन दिन सक्नेछन् ।

(ग) योग्यताक्रममा परेको उमेदवारको नाम एक ठाउँमा मात्र छनौट गरिनेछ । यसरी छनौट गर्दा उमेदवारको नाम खुला तथा आरक्षित कोटामा एक ठाउँमा छनौट भएमा स्वतः योग्यताक्रमबाट हट्नेछ ।

Ψ(३क) (क) कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरेका, नियम (१३) (२) अनुसारको योग्यताक्रम सूचीमा (Merit List) समावेश भएका, अनलाइन माध्यमबाट अनुसूची ४ को फाराम भरेका उम्मेदवारहरुलाई मात्र नियमानुसार छात्रवृत्तिमा छनौंट गरी पहिलो Scholarship Award List प्रकाशित गरिनेछ ।

(ख) उल्लेखित (क) बमोजिमको छात्रवृत्ति वितरण गरिसके पश्चात पनि छात्रवृत्ति सिट बाँकी रहेमा अनुसूची-४ को अनलाइन फाराम भरेका तर छात्रवृत्ति प्राप्त गरिनसकेका सार्वजनिक विद्यालयका उम्मेदवारहरुलाई रिक्त हुन आएको सिट जुन लिङ्ग (Gender) र छात्रवृत्तिको प्रकार (Scholarship Type) हो सोही लिङ्ग (Gender) र छात्रवृत्तिको प्रकार (Scholarship Type) को उम्मेदवारलाई वितरण गर्न दोस्रो Scholarship Award List प्रकाशित गरिनेछ ।

(ग) उपरोक्त (क) र (ख) बमोजिम सामुदायिक विद्यालयमा अध्ययन गर्नेहरुका लागि छात्रवृत्ति प्रदान गरिसक्दा पनि छात्रवृत्तिको सिट बाँकी रहेमा रिक्त सिटमा सार्वजनिक/संस्थागत विद्यालयबाट एसइइ वा एसएलसी पास गरेका मेरिट लिष्टमा समावेश भएका उम्मेदवारहरुलाई अनुसूची -४ को अनलाइन फाराम भर्न ३ दिनको समय दिई प्राप्त आवेदनहरुका आधारमा खुला छात्रवृत्ति सरह उनीहरूको मेरिट लिष्टका आधारमा तेस्रो Scholarship Award List प्रकाशित गरिनेछ । तेस्रो Scholarship Award List प्रकाशित गरिसकेपछि उक्त वर्षको छात्रवृत्ति वितरण र भर्नाका सबै प्रक्रिया अन्त्य हुनेछ ।

©(४) ..........

©©(५) ...........

---

**♦तेस्रो संशोधनद्वारा संशोधित, © तेसो संशोधनद्वारा खारेज, © © चौथो संशोधनद्वारा खारेज, Σ आठौं संशोधनद्वारा संशोधित, Ψ आठौं संशोधनद्वारा थप**

●●(५क) छात्रवृत्तिको प्रवेश परीक्षामा प्राप्तांक बराबर भई योग्यताक्रम निर्धारण गर्न नसकेमा उम्मेदवारको एकतह मुनिको शैक्षिक योग्यतालाई आधारमानी योग्यताक्रम निर्धारण हुनेछ । त्यसो गर्दा पनि प्राप्तांक वरावर भएमा उम्मेदवारका लागि तोकिएको न्यूनतम योग्यता भन्दा दुई तह मुनीको शैक्षिक योग्यतालाई आधारमानी योग्यताक्रम निर्धारण हुनेछ ।

(६) दुवै विषयको योग्यताक्रममा कुनै उम्मेदवारको नाम निस्केमा एक विषयको छात्रवृत्तिबाट राजीनामा दिनु पर्नेछ ।

१४. **सम्बन्धित शैक्षिक संस्थामा छनौट भएका विद्यार्थी पठाउने** :

Σ (१) नियम १३ अनुसार छात्रवृत्ति प्रदान गरिएका उम्मेदवारहरुलाई सम्बन्धित कार्यक्रम र शैक्षिक संस्थामा अध्ययनका लागि भर्ना गर्न पठाइनेछ ।

©(२) ..........

(३) योग्यताक्रम प्रकाशित गर्दा सम्बन्धित शैक्षिक संस्थामा भएको कार्यक्रम अनुसारको प्राप्त विभिन्न छात्रवृत्तिको लागि कोटा छुट्याउनु पर्नेछ ।

©(४) ........

©(५) ........

(६) उपनियम (३) अनुसार प्रकाशित योग्यताक्रमको आधारमा नियम १५ बमोजिमका शर्तहरू राखी अनुसूची ५ बमोजिमको ढाँचामा विद्यार्थीलाई कवुलियत गरी विश्वविद्यालय, छात्रवृत्ति शाखाले शैक्षिक सत्र सुरू हुनु भन्दा एक हप्ता अगाडि वा सो भन्दा अगाडि पठाउनेछ ।

(७) उपनियम (६) अनुसार पठाएको विद्यार्थीले पछि कार्यक्रम र शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैन ।

(८) उपनियम (७) उल्लङ्घन गरेको पाइएमा निजको छात्रवृत्ति स्वतः रद्द हुनेछ ।

(९) नियम ४ को उपनियम (१) को खण्ड (ज) अनुसार प्राविधिक विषयको छात्रवृत्तिको लागि छुट्टै योग्यताक्रम प्रकाशित गर्नेछ र सोही अनुसार सम्बन्धित कार्यक्रमको लागि छात्रवृत्ति शाखाले विद्यार्थी पठाउने छ ।

१५. **छात्रवृत्ति प्राप्त विद्यार्थीले कवुलियत गर्नु पर्ने :**

(१) नियम १४ को उपनियम (१) अनुसार छनौट भएको उम्मेदवारले निम्न शर्तहरू पालन गर्ने गरी कवुलियत गर्नेछः

(क) छात्रवृत्तिको लागि छनौट भई गएपछि सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गर्ने,

(ख) तोकिएको कार्यक्रम अवधि भरी स्थानान्तरण प्रमाणपत्र (Migration Certificate) विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यलयमा रहनेछ र तोकिएको शैक्षिक उपाधि प्राप्त भएपछि मात्र Migration Certificate जारी गरिनेछ । तर अन्य विश्वविद्यालयमा राम्रो अवसर पाएमा विश्वविद्यालयले Migration Certificate दिनेछ ।

♦(ग) छनौट भई सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएपछि अनुसूची ६ बमोजिमको ढाँचामा सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको एक हप्ताभित्र भर्ना भएको प्रतिवेदन (Joining Report) विश्वविद्यालयको छात्रबृत्ति शाखामा बुझाउनु पर्ने छ । साथै अध्ययन समाप्त गरेपछि ३ महिना भित्र आफूले पाएको क्यूमिलेटिभ ग्रेड प्वाएन्ट (CGPA) समेत खुल्ने गरी अनुसची ७ बमोजिम अध्ययन पूरा भएको प्रतिवेदन (Completion Report) सम्बन्धित विद्यार्थीले विश्वविद्यालयको छात्रवृत्ति शाखामा बुझाएपछि छात्रावृत्ति शाखाको सिफारिसमा सम्बन्धित विद्यार्थीलाई परीक्षा नियन्त्रण कार्यालयबाट निजले अध्ययन पुरागरेको ट्रान्सक्रिप्ट र सर्टिफिकट उपलब्ध गराइने छ

---

**● तेस्रो संशोधनद्वारा थप, ♦ तेस्रो संशोधनद्वारा संशोधित, © तेस्रो संशोधनद्वारा खारेज, Σ आठौं संशोधनद्वारा संशोधित**

(घ) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक संस्थाको प्रतिष्ठामा आँच पुऱ्याउने किसिमको काम गर्न नहुने,

◆(ङ) लामो समयसम्म विरामी भएमा वा अन्य असाधारण घटनाको कारण बाहेक स्नातक तहमा लगातार तीन सेमेष्टरसम्म SGPA 2.00 कायम गर्न नसकेमा, स्नातकोत्तर र एमफिल तहमा लगातार दुई सेमेष्टर र ट्राइमेष्टरसम्म (Semester/Trimester) SGPA 3.00 कायम गर्न नसकेमा, वार्षिक प्रणाली अन्तर्गत पठनपाठन भइरहेको स्नातक तहको कार्यक्रममा लगातार दुई बर्ष फेल भएमा छात्रवृत्ति स्वतः रद्द हुनेछ । तर त्यस्ता विद्यार्थीहरुले शुल्क तिरी आफ्नो अध्ययन भने जारी राख्न सक्नेछन् । त्यसरी अध्ययन जारी राखे पश्चात पूनः न्यूनतम SGPA कायम गरे पनि बाँकी समयको छात्रबृत्ति भने उपलब्ध हुने छैन । उल्लेखित जानकारी सम्बन्धित निकायले छात्रवृत्ति शाखालाई गराउनुपर्नेछ

◆(२) एक पटक छनौट भएको व्यक्तिले अध्ययन बीचैमा छाडेमा वा पठाएको कार्यक्रम र शैक्षिक संस्थामा नगएमा पुनः त्यस्तो व्यक्तिले बीचैमा छाडेको अध्ययनलाई निरन्तरता दिन र भविष्यमा विश्वविद्यालयको कुनै पनि छात्रवृत्तिको लागि दरखास्त दिन पाउने छैन ।

(३) छात्रवृत्तिमा छनौट भई अध्ययन पूरा गरिसकेपछि विश्वविद्यालयले सम्बन्धित व्यक्तिलाई देशको दुर्गम क्षेत्रमा गई सेवा गर्न प्रोत्साहन गर्नेछ र यसरी दुर्गम क्षेत्रमा सेवा गर्ने व्यक्तिलाई विश्वविद्यालयले आफनो कार्यनीति भित्र परेका र स्रोत र साधनले भ्याएसम्म सहयोग गर्नेछ ।

(४) विश्वविद्यालयलाई आवश्यक परेमा छात्रवृत्तिमा अध्ययन गरेका व्यक्तिहरूलाई यो नियमको (१) को खण्ड (ग) अनुसार प्रतिवेदन पेश गरेको एकवर्ष भित्र विश्वविद्यालयले तोकेको पारीश्रमिक र सुविधा पाउने गरी विश्वविद्यालयले बढीमा ३ वर्षसम्म काममा लगाउन सक्नेछ । यसरी आफ्नो योग्यता अनुसार विश्वविद्यालयले काममा लगाउन चाहेमा छात्रवृत्तिमा छनौट भई अध्ययन पुरा भए पछि यो उपनियम अनुसार विश्वविद्यालयको सेवा गर्नुपर्नेछ ।

(५) उपनियम (४) अनुसार शर्त नमान्ने व्यक्तिलाई भविष्यमा अन्य उच्च अध्ययन तथा सेवाको लागि आवश्यक पर्ने सिफारिस र अन्य कागजातहरू दिइने छैन ।

**१६. खारेजी :**

(१). छात्रवृत्ति कार्यविधि २०६४ खारेज गरिएको छ ।

(२) यो भन्दा अगाडि छात्रवृत्तिसम्बन्धी विश्वविद्यालय सभाले गरेको सम्पूर्ण निर्णय खारेज गरिएको छ ।

**१७. विविध :**

(१) छात्रवृत्ति समितिको वैठक भत्ता विश्वविद्यालयले तोकेबमोजिम हुनेछ ।

(२) उत्तरपुस्तिका गोप्य रहनेः यस कार्यविधिअनुसार संचालन गरिएको परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ ।

(३) पोखरा विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०६४ अन्तर्गत भएगरेका कामकारवाही यसै नियम अन्तर्गत गरिएसरह मानिनेछ ।

(४) छात्रवृत्ति शाखाले तोकेको ढाँचामा सम्बन्धित शैक्षिक संस्थाले छात्रवृत्ति शाखालाई हरेक सिमेष्टरको अन्त्यमा छात्रवृत्ति अन्तरगतका विद्यार्थीहरूको प्रतिवेदन पठाउनु पर्नेछ ।

≡(५) छात्रवृत्तिसम्बन्धी नियमावलीसँग नबाझिनेगरी छात्रवृत्तिमा विद्यार्थी छनौट गरी पठाउन आवश्यक कार्यविधि बनाई कार्य गर्ने अधिकार छात्रवृत्ति छनौट समितिलाई रहनेछ ।

**१८.नियमको ब्याख्या र बाधा फुकाउने अधिकारः**

यो नियमको व्याख्या र नियम प्रयोग गर्दा परेका बाधाअड्काउ फुकाउने अधिकार कार्यकारी परिषदलाई हुनेछ ।

---

**◆तेस्रो संशोधनद्वारा संशोधित, ≡ पाँचौं संशोधनद्वारा थप**

रसिद नं. :
सूचना प्रकाशन मिति :

| कार्यालय प्रयोजनको लागि |
|---|
| दर्ता नं.: |
| मिति : |
| रोल नम्बर : |

⊕अनुसूची १
(नियम ९(१) सँग सम्बन्धित)

पोखरा विश्वविद्यालय
छात्रवृत्ति शाखा
छात्रवृत्ति दरखास्त फाराम

दुवै कान देखिने हालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृति नबिग्रने गरी फोटो र फाराममा पर्ने गरी परीक्षार्थीले दस्तख गर्ने

श्री पोखरा विश्वविद्यालय
छात्रवृत्ति शाखा, पोखरा लेखनाथ महानगरपालिका
कास्की, नेपाल ।
त्यस कार्यालयबाट मिति ..................प्रकाशित सूचना अनुसार निम्न बमोजिम विवरण खोली दरखास्त पेश गरेको छु ।

१) नाम, थर (**नोटः नाम र थर बीचको एक कोठा खाली छोड्नुहोस् । अंग्रजीमा सबै चयिअप ीभततभच मा लेख्नुहोला०**

| | |
|---|---|
| नेपालीमा : | |
| अंग्रेजीमाः | |

२) उम्मेदवारको नागरिकता नम्बरः .............. जारी भएको जिल्ला................जारी भएको मिति .....................

३) लिङ्गः स्त्री ☐ पुरूष ☐ अन्य ☐

४) स्थायी ठेगाना : जिल्लाः ............... गा.पा. ⁄ न.पा. ..........................वडा...... टोल ⁄ गाउँ..................

५) हालको ठेगानाः- जिल्लाः ............... गा.पा. ⁄ न.पा. ..........................वडा...... टोल ⁄ गाउँ..................

६) सम्पर्क फोन नं. : ७) मोवाईल नं.

७) बाबुको नाम : आमाको नामः

८) बाजेको नाम :

९) स्थानीय अभिभावकको नामः ठेगानाः मोवाईल नं.

१०) आफू एसइइ ⁄ एसएलसी कुन विद्यालयबाट उत्तिर्ण भएको हो सरकारी ⁄ सामुदायिक ⁄ संस्थागत ⁄ निजि (बोर्डिङ) कोष्ठमा √ चिन्ह लगाउनुहोस ।

| | |
|---|---|
| १०(क) सरकारी ⁄ सामुदायिक ☐ | १०(ख) निजि ⁄ संस्थागत (बोर्डिङ) ☐ |
| आरक्षित समूहमा पर्ने भए सोको प्रमाण पत्र राखी कोष्ठमा √ चिन्ह लगाउनुहोस ।<br>क.स्थानिय ☐ ख.शहीद परिवार ☐ अपाङ्ग ⁄ घाइते ☐<br>घ.जनजाती ☐ ङ.दलित ☐ च.दुर्गम ☐<br>छ.शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्ति ☐ ज.मधेशी समुदाय छात्रवृत्ति ☐ | पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ (चौथो संशोधन सहित) को नियम ४ बमोजिम उपलब्ध हुने छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेको हुनुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा मात्र संस्थागत विद्यालयमाबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेका आवेदकहरुलाई विद्यार्थीहरुलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध गराइने सर्तमा आवेदन पेश गर्ने । |

११) छात्रवृत्ति अन्तर्गत पढ्न चाहेको तल उल्लेखित संकायहरु मध्ये कुनै एउटा सङ्काय उल्लेख गर्नुहोस ।

(१) विज्ञान तथा प्रविधि संकाय (२) स्वास्थ्य विज्ञान संकाय

९छ० समूह **कु** ९छ्छ० समूह **खु**

(३) व्यवस्थापन संकाय (४) मानविकि तथा सामाजिकशास्त्र संकाय

---

⊕ **नियमावलीमा भएको चौथो संशोधन अनुरुप आवेदन फर्ममा केही संशोधन हुन गएको**

**शैक्षिक योग्यता सम्बन्धी विवरण**

| उत्तीर्ण गरेको परीक्षा | शिक्षण संस्था | शिक्षण संस्थाको ठेगाना | उत्तीर्ण साल | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| एसइइरएसएलसी वा सो सरह | | | | | | | |
| प्रमाणपत्र तह वा सो सरह | | | | | | | |
| स्नातक तह वा सो सरह | | | | | | | |

संलग्न गर्नुपर्ने कागजपत्रहरू (√ चिन्ह लगाउने) । साथै तल उल्लेखित बुदाँ नं. ४ र १० मा भनिएका कागजातहरु संस्थागत र निजि विद्यालयमा अध्ययन गर्नेले पेश गर्नुपर्दैन ।

| | |
|---|---|
| १) आवेदन दस्तुर बुझाएको रसिद ☐ | ७) नेपाल बाहिरका वोर्ड तथा विश्वविद्यालयबाट उत्तीर्ण गरेको भए समकक्ष निर्धारण भएको प्रमाणित प्रतिलिपि ☐ |
| २) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ☐ | ८)शिक्षण संस्थावाट प्राप्त चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ☐ |
| ३) एसइइ/एसएलसी लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि ☐ | ९) प्रमाणपत्र तहमा प्रतिशत नखुलेको भए खुलाएको प्रमाणित प्रतिलिपि ☐ |
| ४)एसइइ/एसएलसी उत्तिर्ण विद्यालय सार्वजनिक र सामुदायिक र नेपाल सरकारको अनुदानमा संचालन भएको विद्यालय हो भनि सिफारिस पत्र ☐ | १०) आरक्षण समूहको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ☐ |
| ५) विपन्नताको (आर्थिक) सिफारिस पत्र ☐ | |
| ६) प्रमाणपत्र तह वा सो सरहको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपि अथवा जुन तहको छात्रवृत्तिको लागी आवेदन गर्ने हो सो भन्दा अघिल्लो तहको अन्तिम वर्षको परीक्षाफल प्रकाशित नभएको वा भएतापनि ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण पत्र वा अन्य कागजातहरु पेश गर्न नसक्ने अवस्था भएमा देहायमा उल्लेख भएका कागजातका प्रमाणित प्रतिलिपि☐<br>(क) उम्मेदवार कक्षा ११ उत्तिर्ण भएको लब्धांक पत्रको प्रमाणित प्रतिलिपि ☐<br>(ख) कक्षा १२ को परिक्षामा सम्मिलित भएको प्रवेशपत्र वा मार्कसीट ☐ | |

माथि उल्लेखित विवरण र पेश गरिएका कागजातहरू सबै ठीक छन् । झुट्टा ठहरिए प्रचलित कानून बमोजिम सजाँय भोग्न तयार छु । साथै रीत नपुगेको निवेदन कुनै पनि समयमा रद्द गरिएमा कहि कतै गुनासो वा उजुर वाजुर गर्नेछैन । साथै पो.वि.छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ (चौथो संशोधन सहित) र मिति २०७४।०५।१७ गतेको पोखरा विश्वविद्यालय कार्यकारी परिषद्को निर्णयानुसार सार्वजनिक विद्यालयबाट एसइइ वा एसएलसी उत्तिर्ण गरेको विद्यार्थीहरुलाई तेस्रो चरणको क्अजयबिचकजष्उ ब्धबचमभम ीष्कत प्रकाशित भइसके पश्चात कुनै पनि कार्यक्रमहरुमा छात्रवृत्तीका कोटाहरु रिक्त रहेको खण्डमा ती बाँकी रिक्त कोटाहरुमा मात्र संस्थागत र निजि विद्यालयमा अध्ययन गरी एसइइरएसएलसी उत्तिर्ण भइ पो. वि. छात्रवृत्तिको मेरिट लिष्टमा समावेश भएका विद्यार्थीहरुलाई अध्ययनको लागि आवेदन माग गरिने कुरा मैले बुझेको छु र यसमा मेरो मन्जुरी रहेको छ ।

उम्मेदवारको ल्याप्चे

| दायाँ | वायाँ |
|---|---|
| | |

-----------

उम्मेदवारको दस्तखत

मितिः २० र र

# पोखरा विश्वविद्यालय
## छात्रवृत्ति शाखा

खिचेको पासपोर्ट साइजको फोटो टाँसी मुखाकृति नबिग्रने गरी फोटो र फाराममा पर्ने गरी परीक्षार्थीले दस्तख गर्ने

### छात्रवृत्ति छनौट परीक्षा
### प्रवेश-पत्र

रोल नं.................................                                परीक्षा केन्द्र ..........................

नामः

| अंग्रेजीमाः | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

देवनागरीमाः.....................................................................................................................

संकाय ..........................................................................................................

परीक्षा हुने मितिः...................................

उम्मेदवारको हस्ताक्षरः..............................

----------

हस्ताक्षर

छात्रवृत्ति शाख प्रमुख

## अनुसूची-२

(नियम ११ (२) को खण्ड (घ) र (च) सँग सम्बन्धित)

श्रीमान् संयोजकज्यू
स्नातक तह छात्रवृत्ति छनौंट समिति
पोखरा विश्वविद्यालय ।

विषयः- **सार्वजनिक विद्यालयमा अध्ययन गरेको प्रमाणित सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्री ............................ को नाति/नातिनी श्री ................ को छोरा/छोरी .................... जिल्ला ........................ म.न.पा./उप.म.न.पा./न.पा./गा.पा.वडा नं...... स्थायी ठेगाना भएको श्री.......................... ले तपसिल बमोजिमको सार्वजनिक विद्यालयमा निम्नानुसार अध्ययन गरेको व्यहोरा प्रमाणित गर्दछु ।

**तपसिल**

| **क्र.सं.** | **सार्वजनिक विद्यालयको नाम** | **ठेगाना** | **अध्ययन गरेको कक्षा** | | **उत्तिर्ण साल** |
|---|---|---|---|---|---|
| | | | **देखि** | **सम्म** | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

उल्लेखित विवरण ठीक साँचो हो । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः | दस्तखतः

उम्मेदवारको नाम, थरः | प्रधानाध्यापकको नाम, थरः

मितिः | मितिः

मो.नं. | मो.नं.

कार्यालयको छापः

दस्तखतः
शिक्षा प्रमुखको नाम, थरः
स्थानीय तहः
मितिः
मोवाइल नं.
कार्यालयको छापः

**नोटः** अन्य कक्षाहरु फरक सार्वजनिक विद्यालयबाट उत्तीर्ण गरेको भए पनि कक्षा १० मा अध्ययन गरेको विद्यालयको प्रधानाध्यापकबाट प्रमाणपत्र हेरी प्रमाणित गराउने ।

अनुसूची ३

**(तेस्रो संशोधनबाट हटाइएको)**

नेपाल सरकारबाट तोकिएको क्षेत्रलाई दुर्गम दुर्गम क्षेत्र भनिएको

**अनुसूची-४**
(नियम १४ (१) सँग सम्बन्धित)

श्री छात्रवृत्ति शाखा
पोखरा विश्वविद्यालय
ढुङ्गेपाटन, लेखनाथ नगरपालिका, कास्की ।

**विषयः छात्रवृत्तिमा पठाउने वारे ।**

छात्रवृत्ति नियम, २०६५ को नियम १३(२) अनुसार पोखरा विश्वविद्यालय छात्रवृत्ति समितिले प्रकाशित गरेको योग्यताक्रममा नियम ४(१) को खण्ड........अनुसार...........................कार्यक्रमको लागि छात्रवृत्ति समितिले मिति .................प्रकाशित योग्यताक्रममा मेरो नाम योग्यताक्रम ........मा प्रकाशित भएकोले .................. ..........................मा पठाइदिन हुन निवेदन गर्दछु ।

**थप अध्ययन गर्न चाहेको शैक्षिक संस्थाको नाम**

१)

२)

छात्रवृत्ति पाउनेको:

सही:

नाम:

ठेगाना:

मिति:

प्रवेश रोल्नं.

## अनुसूची-५
(नियम १४ (६) सँग सम्बन्धित)

## कवुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ................ को छोरा/छोरी .................... जिल्ला ........................ गा.वि.सं./न.पा./उ.म.न.पा/.न.पा. ..... वडामा मिर्ति .... जन्म भएको म ............................ ......................पोखरा विश्वविद्यालयबाट मिति..................... मा .......................कार्यक्रम ...............................(शैक्षिक संस्था) मा अध्ययन गर्नको लागि छात्रवृत्तिमा छनौट भएकोले अध्ययन अवधि र अध्ययन पुरा भएपछि **पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियम, २०६५** को नियम १५ बमोजिमका सर्तहरू पालन गर्नको लागि यो कवुलियतनामा गरी पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालय, लेखनाथ, कास्कीमा बुझाएँ ।

छात्रवृत्ति पाउनेको:
सही:
नाम:
ठेगाना:
मिति:

**अनुसूची-६**
(नियम १५ (१) को खण्ड (ग) सँग सम्बन्धित)

**कलेजमा भर्ना भएको प्रतिवेदन**

श्री छात्रवृत्ति शाखा
पोखरा विश्वविद्यालय
ढुङ्गेपाटन, लेखनाथ नगरपालिका, कास्की ।

विषयः- भर्ना भएको प्रतिवेदन पेश गरेको ।

विश्वविद्यालयबाट छात्रवृत्तिमा छनौट भई मिति..................को पत्र अनुसार म .............. गा.वि.स./नगरपालिका स्थित .............................(शैक्षिक संस्था) को ....................कार्यक्रममा मिति................... मा भर्ना भई अध्ययनमा संलग्न भएको जानकारी गराउँदछु ।

शैक्षिक संस्थाको नामः

छापः

प्रतिवेदन पेश गर्नेको,
सहीः
नामः
ठेगानाः
मितिः

**अनुसूची-७**

(नियम १५ (१)को खण्ड (ग) सँग सम्बन्धित)

## अध्ययन पुरा गरेको प्रतिवेदन

श्री छात्रवृत्ति शाखा
पोखरा विश्वविद्यालय
ढुङ्गेपाटन, लेखनाथ नगरपालिका, कास्की ।

विषयः- *अध्ययन पुरा गरेको प्रतिवेदन ।*

विश्वविद्यालयबाट शैक्षिक सत्र ....................मा ............................... कार्यक्रमको लागि छात्रवृत्तिमा छनौट भई अध्ययन गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,
सहीः
नामः
ठेगानाः
मितिः

उल्लेख गर्नुपर्ने विवरण

(क) अध्ययन विषयः
(ख) अध्ययन गरेको संस्थाको नाम र ठेगानाः
(ग) अध्ययनमा गएको जिल्लाः
(घ) हासिल गरेको शैक्षिक योग्यताः
(ङ) अध्ययन समाप्त भएको मितिः
(च) अध्ययन अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रमः
(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एक प्रति संलग्न हुनुपर्ने)
(छ) अध्ययन गर्दा आई परेका समस्याहरूः
(ज) अध्ययन वा तालिम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सोको विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने):

## अनुसूची-८

(नियम १०को खण्ड (छ) सँग सम्बन्धित)

दलितजातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका देहायका जातिहरूलाई मानिएको छ :-

१.लोहार २. सुनार ३. कामी ४. दमाई ५. सार्की ६. बादी ७. गाइने ८. कसाई ९. कुसुले १०. कुचे ११. च्यामे १२.पोडे १३. चमार १४. धोवी १५. दुसाध १६. तत्मा १७. डुम १८. बाँतर १९. खत्वे २०. मुसहर २१. सन्थाल २२. सतार २३ हलखोर (मेस्तर)

## अनुसूची-९

(नियम १०को खण्ड (छ) सँग सम्बन्धित)

जनजातिको हकमा आदीवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित तपसिल वमोजिमका जातिहरूलाई जनजातिको रूपमा लिइएको छः

१. किसान २. कुमाल  ३. कुशवाडिय ४. कुसुन्डा  ५. गनगाई ६. गुरूङ्ग ७. चेपाङ्ग ८. छन्त्याल ९. छैरोतन १०.जिरेल ११. भाँगड १२. डोल्प १३. ताङव १४. ताजपुरिया १५. तामाङ्ग १६. तीनगाँऊलेथकाली १७. तोप्केगोला  १८. थकाली १९. थामी २०. थारू २१. थुदाम २२. दनुवार २३. दराई २४. दुरा २५. धानुक (राजवंशी) २६. धिमाल २७. नेवार २८. पहारी २९. फ्री  ३०. वनकारिया ३१. बरामो ३२.बाह्रगाउले ३३.बोटे ३४.भुजेल ३५. भोटे ३६. मगर ३७. माझी ३८. मार्फालीथकाली ३९. मुगाली ४०. मेचे ४१. याक्खा ४२.राई ४३. राउटे ४४.राजवंशी (कोच) ४५. राझी ४६.लार्के ४७.लिम्बु ४८.लेप्चा ४९. ल्होपा ५०. ल्होमीशिडंसावा ५१. वालुक्त ५२.व्यासी ५३. शेर्पा ५४. सतार (सन्थाल) ५५. सियार ५६.सुनुवार ५७.सुरेल ५८. हायू ५९.ह्याल्मो ।

**नोटः सफ्वयरको निर्माण पश्चात उपरोक्त अनुसूचीहरुमा हेरफेर तथा परिमार्जन हुन गएकोछ ।**